# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# गण्डकी प्रदेश




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# गण्डकी प्रदेश

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

*Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# गण्डकी प्रदेश



# नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल


पत्र संख्या : २०७५।७६

च.नं.: ५६

**विषय: वार्षिक प्रतिवेदन**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
गण्डकी प्रदेश, पोखरा ।

नेपालको संविधानको धारा २४१ बमोजिम गण्डकी प्रदेशको आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

आज्ञाले
[illegible]

पद्मराज पौडेल
नायब महालेखापरीक्षक
२०७५।१२।२५ गते शुक्रबार ।


फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **प्रदेश सञ्चित कोष** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति** | ४ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | ८ |
| | १. प्रदेश सभा सचिवालय ........ | ८ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ | १० |
| | ३. आर्थिक मामिला तथा योजना मन्त्रालय ........ | १२ |
| | ४. आन्तरिक मामिला तथा कानुन मन्त्रलय ........ | १५ |
| | ५. उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय ........ | १७ |
| | ६. भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ........ | १९ |
| | ७. भौतिक पूर्वाधार विकास मन्त्रालय ........ | २१ |
| | ८. सामाजिक विकास मन्त्रालय ........ | २३ |
| | ९. मुख्य न्यायाधिवक्ताको कार्यालय........ | २५ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयनको स्थिति** | २६ |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु** | २७ |
| **अनुसूचीहरुः** | १. लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण........ | २९ |
| | २. लेखापरीक्षण रकम........ | ३० |
| | ३. बेरुजू बर्गिकरण........ | ३१ |
| | ४. लेखा उत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजू स्थिति........ | ३२ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्ने व्यवस्था छ । संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ ।

त्यसैगरी संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने र लेखापरीक्षण ऐन, २०७५ को दफा ३(ख) अनुसार नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था तथा अन्य संघीय तथा प्रदेश कानुनहरु र महालेखापरीक्षकले जारी गरेका निर्देशक दस्तावेजहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाइ) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन(एसोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरुसमेत अनुशरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७४/७५ को प्रदेशस्तरका कार्यालयको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । यो प्रतिवेदन प्रदेशस्तरको काम कारबाहीको प्रथम प्रतिवेदन हो । यसको सारांश महालेखापरीक्षकको छपन्नौं वार्षिक प्रतिवेदनमा पनि समावेश गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । सो अनुरुप प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीहरु तथा लेखाउत्तरदायी अधिकृतलगायत सरोकारवाला पक्षहरुसँग आवश्यक छलफलका साथै सूचना, राय, सुझाव संकलन गरी लेखापरीक्षणलाई गुणस्तरीय, परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु । यस प्रतिवेदनमा सार्वजनिक निकायबाट प्रचलित कानुनको पालना, वित्तीय काम कारबाहीमा जवाफदेहिता वहन, अद्यावधिक लेखा, आर्थिक कारोबारको स्थिति, स्रोतको चुहावटबाट सरकारी हानी नोक्सानीको पहिचानजस्ता विषयलाई लेखापरीक्षणबाट निक्र्यौल गर्ने प्रयास गरिएको छ ।

यस वर्ष प्रदेश सरकारअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ मन्त्रालय, प्रदेश सभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १० निकायको संघीय सरकारबाट १ अर्ब २ करोड ५ लाख अनुदान प्राप्त भई रु. २९ करोड ६३ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा ३ निकायमा रु. ५ लाख ४० हजार बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अंकको ०.१८ प्रतिशत हुन आउँछ ।

आर्थिक वर्ष २०७४/७५ को प्रदेशअन्र्तगतका कार्यालयहरुको लेखापरीक्षणबाट मूलतः आवश्यकताअनुसार सबै कानून निर्माण हुन नसकेको, कतिपय कानुनी व्यवस्था संघीय कानुनसँग सामन्जस्य नभएको, दरबन्दीबमोजिम कर्मचारीको पदपूर्ति हुन नसकेको, संगठनात्मक संरचनामा दोहोरोपना देखिएको, आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने र उठाउने गरी बजेटमा प्रस्ताव नभएको, बजेट वक्तव्यमा उल्लेख भएका

कतिपय नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, प्रतिस्पर्धाबेगर सोझै वस्तु तथा सेवा खरिद गरेको, प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार नगरेको, निकायगत कार्यको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु देखिएका छन् ।

यस प्रतिवेदनमा संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएका विषयहरु समावेश गरिएको छ । संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपि नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट प्रदेशस्तरको शासकीय व्यवस्था संचालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेशको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकतम् प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह, रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेछ । साथै प्रदेश सरकारले संघीय सरकारको अनुदानप्रतिको निर्भरतालाई क्रमश: घटाउँदै नेपालको संविधान बमोजिम आफ्नो कार्यक्षेत्र भित्र परेका स्थानीय श्रोत साधनमार्फत् आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारबाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभामुखज्यू तथा उप-सभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश सरकारका सबै निकाय र पदाधिकारीहरुलगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


मिति : २०७५।१२।२७

प.सं. : २०७५।७६

च.नं. :

**विषय : सञ्चितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन ।**

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा ।

१. **आर्थिक विवरणउपर प्रतिवेदन** : हामीले गण्डकी प्रदेश सरकारको सञ्चित कोषको २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक विवरण र तत्सम्बन्धमा अपनाएका आधार तथा लेखा टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरणउपर व्यवस्थापनको जिम्मेवारी** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार प्रदेश सञ्चित कोषको लेखा अद्यावधिकरुपमा राख्ने तथा त्यसको वार्षिक विवरण तयार गर्ने, प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, एकीकृत लेखा राख्ने, वित्तीय विवरण तयार गर्ने, आर्थिक विवरण जालसाजी, त्रुटि र गलत आँकडारहित सारभूतरुपमा प्रस्तुतीकरण गर्ने, आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने कार्य पर्दछन ।

३. **लेखापरीक्षणको जिम्मेवारी** : हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरणउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनअनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र आर्थिक विवरण सारभूतरुपमा गलत आँकडारहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आवश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्अनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएका सूचनाका बारेमा पुष्ट्याई गर्ने, यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण, आंशिक र छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूतरुपमा जालसाजी वा त्रुटि वा गलत आँकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षण जोखिमको मूल्याङ्कन गर्ने क्रममा निकायको आर्थिक विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण व्यवस्था तथा उपयुक्तता बारेमा परीक्षण गरिएको भए तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्ततालगायत आर्थिक विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षणअन्तर्गत पर्दछ ।

४. **कैफियतसहितको राय** : कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ प्रदेश सञ्चित कोषको आर्थिक विवरण तयार गर्ने र लेखा ढाँचा प्रचलित कानुनबमोजिम स्वीकृत गराएको छैन ।

४.२ यस वर्ष लेखापरीक्षणबाट रु.८३ हजार असुल उपर गर्नुपर्ने, रु. ५ हजार प्रमाण कागजात पेश नभएको, रु.४ लाख ५२ हजार पेश्की बेरुजू समेत रु.५ लाख ४० हजार बेरुजू देखिएको छ ।

४.३ प्रदेश सरकारको लागि रु. १ अर्ब २ करोड ५ लाख समानीकरण अनुदान प्राप्त भएकोमध्ये रु.२९ करोड ५४ लाख ३२ हजार खर्च भै रु.७२ करोड ५० लाख ६८ हजार प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ।

४.४ ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन्।

५. **लेखापरीक्षणको राय** : हामीलाई उपलब्ध गराइएको स्रेस्ता, अभिलेख, सूचना, जानकारीका आधारमा हाम्रो रायमा सि.नं. ४ मा उल्लेख भएका व्यहोराले पार्ने सारभूत असरबाहेक प्रदेश सरकारको सञ्चित कोषको आर्थिक विवरणले २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक कारोबारलाई नेपाल सरकारको लेखाप्रणालीअनुसार सही र यथार्थ चित्रण गर्दछ।

(बाबुराम गौतम)
उप-महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणले देहायअनुसारका उद्देश्य राखिएको छ :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग र प्रदेश कार्यालयसमेत १० निकायको २०७४।७५ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालनमा विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ अनुशरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायी अधिकृतलाई गराईएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज सम्बद्ध संस्था, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरि लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४ (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा ४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र पच्छिेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १

# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

| लेखापरीक्षण गरिएका निकाय | संख्या | रकम (रु. हजारमा) |
|---|---|---|
| १. सरकारी कार्यालय | १० | २९६३७७ |
| **जम्मा** | **१०** | **२९६३७७** |

यो वर्ष प्रदेश मातहत १० निकायको रु.२९ करोड ६३ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका निकायहरुको विवरण **अनुसूची १** मा उल्लेख छ।

१. **सरकारी निकाय –** यो वर्ष १० सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| क्र.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न | |
|---|---|---|---|
| | | २०७४।७५ को रकम | जम्मा |
| १. | विनियोजन निकासा | २९५४३२ | २९५४३२ |
| २. | राजस्व असुली | २१६ | २१६ |
| ३. | धरौटी आम्दानी | ७२९ | ७२९ |
| ४. | अन्य | ० | ० |
| | **जम्मा** | **२९६३७७** | **२९६३७७** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छ।

२. **लेखापरीक्षण कार्यविधि –** यो वर्ष प्रदेश मातहतका निकायहरुको लेखापरीक्षणमा जोखिम विश्लेषणसहितको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयनस्थिति**

३. **प्रदेश बजेट तथा खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७४।७५ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु खर्च | ४८०३७५ | १४४७९५ | ३०.१४ |
| पुँजीगत खर्च | ५४०१२५ | १५०६३७ | २७.८८ |
| **जम्मा** | **१०२०५००** | **२९५४३२** | **२८.९४** |

४. **खर्चको स्थिति –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चको विवरण **अनुसूची २** मा समावेश छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने निकायको खर्चको विवरण निम्नानुसार छः ।

(रु.हजारमा)

| चालु खर्च | | | | पूँजीगत खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं | मन्त्रालय | रकम | कूल चालु खर्चको प्रतिशत | क्र.सं | मन्त्रालय | रकम | कूल चालु खर्चको प्रतिशत |
| १ | प्रदेश सभा सचिवालय | ३८४१६ | २६.५४ | १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ६५९११ | ४३.७५ |
| २ | सामाजिक विकास मन्त्रालय | २६७७४ | १८.५० | २ | प्रदेश सभा सचिवालय | १९९४७ | १३.२४ |
| ३ | आन्तरीक मामिला तथा कानुन मन्त्रालय | २०३४० | १४.०४ | ३ | भौतिक पूर्वाधार मन्त्रालय | १४०७१ | ९.३४ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | १७१३४ | ११.८३ | ४ | उद्योग, पर्यटन वन तथा वातावरण | १२९१४ | ८.५७ |
| ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १५४३९ | १०.६७ | ५ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १११०७ | ७.३७ |
| ६ | उद्योग, पर्यटन वन तथा वातावरण | ९६२९ | ६.६५ | ६ | सामाजिक विकास मन्त्रालय | १०८८४ | ७.२३ |
| ७ | भौतिक पूर्वाधार मन्त्रालय | ७६३० | ५.२६ | ७ | आन्तरीक मामिला तथा कानुन मन्त्रालय | ९७५८ | ६.४८ |
| ८ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७००८ | ४.८३ | ८ | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | ४३८० | २.९१ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १९४४ | १.३४ | ९ | मुख्य न्यायाधिवक्ता कार्यालय | ११६५ | ०.७८ |
| १० | प्रदेश लेखा नियन्त्रक कार्यालय | ४८१ | ०.३४ | १० | प्रदेश लेखा नियन्त्रक कार्यालय | ५०० | ०.३३ |
| | **जम्मा** | **१४४७९५** | **१००** | | | **१५०६३७** | **१००** |

५. **स्रोतगत खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

| स्रोत | २०७४।७५ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | |
| संघीय सरकार अनुदान | १०२०५०० | २९५४३२ | २८.९४ |
| **जम्मा** | **१०२०५००** | **२९५४३२** | **२८.९४** |

यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.२९ करोड ५४ लाख ३२ हजार संघीय सरकारको अनुदानबाट व्यहोरेको छ ।

६. **राजस्व असुली –** सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा कुनै प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको छैन ।

७. **कर तथा शुल्क** - प्रदेशले बनाएको कानुनबमोजिम कर लगाउने र उठाउने व्यवस्था छ । प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्नेसमेत व्यवस्था छ । प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने व्यवस्था छ । प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ (१) अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य सञ्चालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको परिप्रेक्ष्यमा २०७४।७५ को बजेट वक्तव्यमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आन्तरिक श्रोत परिचालन गर्ने गरी प्रदेश आर्थिक विधेयक प्रस्तुत गर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा २०७४।७५ मा कर तथा गैह्र करसम्बन्धी ऐन तर्जुमा भएतापनि आर्थिक ऐन जारी भएको पाईएन । यद्यपि चालु वर्ष २०७५।७६ को बजेटमा आर्थिक ऐन समेत जारी भै कार्यान्वयनमा आएको छ ।

८. **छलफल र अन्तरक्रिया :** महालेखापरीक्षकको २०७४।७५ को लेखापरीक्षण कार्य तालिकाअनुसार दोस्रो चरण (मङसिर, पौष) को लेखापरीक्षण कार्यक्रमअन्तर्गत २०७५ मंसिर पहिलो हप्तामा प्रदेश सरकारलगायत अन्य संघीय निकायको समेत लेखापरीक्षण सम्पन्न गर्न जिल्लाको कार्य बोझको आधारमा १ भन्दा बढी लेखापरीक्षण टोली खटाइएको थियो ।

यसै सिलसिलामा २०७५।८।२८ मा महालेखापरीक्षकबाट गण्डकी प्रदेशका प्रदेश प्रमुख, सभामुखसँग भेटघाट गरी प्रदेशका सम्पूर्ण निकायको लक्ष्य, आर्थिक अनुशासन कायम गरी विकास र सुशासन प्रवर्द्धन गर्ने भएको सन्दर्भमा छलफल भएको थियो ।

प्रदेश मन्त्रिपरिषद्का सदस्यहरु तथा सचिवहरुसँग संघीय संरचनामा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमार्फत सार्वजनिक सेवा प्रवाहमा सुधार सम्बन्धमा महालेखापरीक्षकले सुझाव प्रस्तुत गर्नु भएको थियो भने मुख्यमन्त्री तथा प्रदेश मन्त्रालयका मन्त्री तथा सचिवहरुबाट लेखापरीक्षणको सम्बन्धमा राखेका जिज्ञासा सम्बन्धमा छलफल भएको थियो ।

सोही दिन मुख्यमन्त्रीको उपस्थितिमा काँस्की जिल्ला स्थित सबै स्थानीय तह र सरकारी निकायका कार्यालय प्रमुख र लेखाप्रमुख सँग अन्तर्क्रिया कार्यक्रम आयोजना गरी मुलुक संघीयतामा गएपछि सांगठनिक संरचनामा भएको परिवर्तनपश्चात निकायको सेवा प्रवाह, कार्यसम्पादनस्थिति र बेरुजू फछ्र्यौट सम्बन्धमा महालेखापरीक्षकबाट प्रष्ट पार्नुको साथै स्थानीय तहका जनप्रतिनिधिलाई आर्थिक प्रशासन, वित्तीय अनुशासन र जवाफदेहिताका सम्बन्धमा विशेष ध्यानाकर्षण गराइएको थियो ।

# परिच्छेद – २
# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २ (ब) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ । प्रदेश कार्यालयअन्तर्गत यो वर्ष उपर्युक्त परिभाषाबमोजिम बेरुजू ठहरिने रकम देहायअनुसार रु.५ लाख ४० हजार रहेको छ । लेखापरीक्षणको क्रममा ३ मन्त्रालयबाट रु. १ लाख १७ हजार असुल भई राजस्वमा दाखिला भएको छ ।

(रु.हजारमा)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | प्रदेश सरकारी निकायको बेरुजू | ५४० |
| | **जम्मा** | **५४०** |

२. **बेरुजू वर्गीकरण –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ । यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छः

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | कुल बेरुजूको प्रतिशत |
|---|---|---|
| **जम्मा बेरुजू** | **५४०** | **१००** |
| **१. असुल गर्नुपर्ने** | **८३** | **१५.३७** |
| **२. नियमित गर्नुपर्ने** | **-** | |
| • अनियमित भएको | - | - |
| • प्रमाण कागजात पेस नभएको | ५ | ०.९२ |
| • जिम्मेवारी नसारेको | - | - |
| • शोधभर्ना नलिएको | - | - |
| **३. पेस्की** | - | - |
| • कर्मचारी पेस्की | - | - |
| • मोबिलाइजेसन पेस्की | ४५२ | ८३.७१ |
| • प्रतीतपत्र पेस्की | - | - |
| • संस्थागत पेस्की | - | - |

बेरुजू वर्गीकरणको विवरण **अनुसूची– ३** मा उल्लेख छ ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३५(४) मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७४।७५ को बेरुजू फछ्र्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम अनुसूची ४ मा समावेश गरिएको छ ।

२.२ सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | प्रदेश सभा सचिवालय | ५८३६० | १७ | ० | ४५२ | ४६९ | ८६.८६ | **०.८०** |
| २. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३००९७ | ४३ | ५ | ० | ४८ | ८.८८ | **०.१५** |
| ३. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २६५४५ | २३ | ० | ० | २३ | ४.२६ | **०.०८** |
| | **जम्मा** | **११५००२** | **८३** | **५** | **४५२** | **५४०** | **१००** | **०.४७** |

२.३ यो वर्ष १० प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ७ कार्यालय (७० प्रतिशत) मा लगती बेरुजू देखिएको छैन ।

२.४ यो वर्ष १० प्रदेश कार्यालयको १२० दफा बेरुजू देखिएकोमा ११५ दफा सैद्धान्तिक र ५ दफा लगती बेरुजू कायम भएको छ ।

२.५ प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मकस्थिति निम्नानुसार छः

(रु. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेस्कीबाहेकको बेरुजू | पेस्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो | २९६३७७ | ५४० | ०.१८ | ८८ | ०.०३ |

प्रदेश कार्यालयको निकायगत बेरुजू र लेखा उत्तरदायी अधिकृतको विवरण **अनुसूची** ४ मा रहेको छ ।

३. **बेरुजू न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिदलगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोरीको अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरीमार्फत सुरु देखिनै बेरुजु न्यूनीकरणमा ध्यान दिनु पर्दछ ।

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

४. **कानुन निर्माण :** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन, प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनुपर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार लेखापरीक्षण अवधिसम्म पहिचान गरिएका कानुनमध्ये १९ कानुन पारित भएको, २ नियमावली र २ गठन आदेश जारी भएको तथा ३ विधेयक विचाराधिन रहेको तथा ११ विधेयकको लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सहमति प्रदान गरिएको छ । आवश्यक कानुनको पहिचान गरी समयमै कानुन निर्माण गर्नुपर्दछ ।

५. **कानुनमा सामान्जस्यताः** प्रदेशले बनाएको कानुन संघीय कानुनसँग सामान्जस्यता हुनुपर्दछ । प्रदेशले बनाएको कानुनमा फरक देखिएको केही उदाहरण देहाय बमोजिम प्रस्तुत गरिएको छः

| दफा | प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को व्यवस्था | दफा | आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ को व्यवस्था |
|---|---|---|---|
| २१.४ | प्रदेश लेखा नियन्त्रक कार्यालयले ढांचा तयार गरी महालेखापरीक्षकबाट स्वीकृत गराउनु पर्ने | १०.३ | लेखाको ढाँचा स्वीकृत गराउने तथा लागु गर्ने गराउने कर्तव्य महालेखा नियन्त्रकको हुने व्यवस्था |
| ३२.६ | आन्तरिक लेखापरीक्षण सुझावहरुको सम्वन्धमा कारण सहित हटाएकोमा बाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षकले आफ्नो सुझावमा प्रस्तुत गर्नु पर्नेछ । | नियम ९६.८ | आन्तरिक लेखापरीक्षणबाट निस्केको फछ्यौंट हुन बाँकी बेरुजु अन्तिम लेखापरीक्षकलाई दिईने छ । अन्तिम लेखापरीक्षण भएपछि आन्तरिक लेखापरीक्षण बेरुजु कायम रहने छैन । |
| ३३.२ | महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षकको प्रतिवेदनलाई समेत आधार लिनु पर्नेछ । | ० | संघीय कानुनमा उल्लेख छैन । लेखापरीक्षण नीति मानदण्डमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्यांकन गर्नुपर्ने व्यवस्था छ । |
| ३५.१ | लेखापरीक्षण बेरुजु ३५ दिनभित्र सम्वन्धित कार्यालयले तोकिए बमोजिम पछ्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्नेछ । | नियम ९९.१ | लेखापरीक्षणबाट औल्याइएको बेरुजु फछ्यौंट गरी त्यसको जवाफ लेखापरीक्षण गर्ने कार्यालयलाई ३५ दिनभित्र दिनुपर्ने |
| ३८.२ | लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्यौंट तथा संपरीक्षण हुनेछ । | ० | संघीय कानुनमा लेखाउत्तरदायी अधिकृतले सम्परीक्षण गर्ने व्यवस्था नभएको । |
| ५३.२ | असुल उपर गर्नुपर्ने देखिएको रकम पाँच वर्षसम्म प्रयास गर्दा पनि असुल नभएमा सरकारी बाँकीको रुपमा लगत कस्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा लेखी पठाउनु पर्ने छ । | नियम १०३.१ | असुल उपर गर्नुपर्ने बेरुजु रकम १ वर्षभित्र असुल नभएमा लेखा उत्तरदायी अधिकृत समक्ष पेश गर्नुपर्ने र लेखा उत्तरदायी अधिकृतले केन्द्रिय तहसिल कार्यालयमा लगत राख्न पठाउनुपर्ने व्यवस्था छ । |

६. **संगठन र कर्मचारी व्यवस्थापन :** संघीय व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तह तथा प्रदेशमा हस्तान्तरण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले कार्य गर्ने स्पष्ट मार्गचित्र तयार नगरेका कारण स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज गरिएका कार्यालय

समेत प्रदेश स्तरमा स्थापना हुने गरेको देखिन्छ । गण्डकी प्रदेश अर्न्तगत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०७५।१२।१४ मा प्राप्त विवरणको आधारमा प्रदेश अन्तर्गतका कार्यालयहरुमा २६९९ दरवन्दी स्वीकृत गरेकोमा १७४८ जनाको समायोजन भएको विवरण प्राप्त भएको छ । स्वीकृत दरवन्दीको तुलनामा ६४.७६ प्रतिशत मात्र समायोजन भएको अवस्थामा प्रदेश सरकारको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी हुने नदेखिँदा समयमै पदपूर्ति गर्नुपर्दछ ।

७. **कार्यालय स्थापना** : स्थानीय तहमा हस्तान्तरण भएका कृषि तथा स्वास्थ्य कार्यालय प्रदेशअन्तर्गत कृषि ज्ञान केन्द्र र स्वास्थ्य कार्यालयको रुपमा स्थापना भएको सन्दर्भमा कार्यालयहरु खप्टिने, दोहोरिने र टुक्रिने कार्य संख्यात्मकभन्दा कामको आवश्यकताअनुसार हुनुपर्दछ । संघ र प्रदेश दुवैले एउटै प्रकृतिको कार्य (जस्तै सडक निर्माण तथा पुर्वाधार सम्वन्धी कार्य) गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार विकास कार्यालय स्थापना गरेको, साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्यलगायतका कार्यालय स्थापना गरेको, केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुनः स्थापना गरेको आदि अवस्था देखिएकोले खर्चमा मितव्ययीता हुने देखिएन । साथै कार्यमा समेत दोहोरोपन हुने देखिँदा दोहोरोपन नहुनेगरी कार्यालयको स्थापना र सञ्चालन गर्नुपर्दछ ।

८. **बजेट कार्यान्वयन** - प्रदेश अर्थमन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सो साथ राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्था सहितको बजेट अनुमानसमेत गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको अनुमान २०७५ बैशाख १९ गते प्रदेश सभामा पेश गरेको देखिन्छ । प्रदेश सरकारको २०७४।७५ वार्षिक बजेट र सोको कार्यान्वयनस्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

८.१ सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा कुनै प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको पाइएन । यस आर्थिक वर्षमा प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान मात्र रहेको देखियो । जस अनुसार संघीय सरकारबाट प्राप्त भएको अनुदान रु.१ अर्ब २ करोड ५ लाख मध्ये रु.७७ करोड ४३ लाख ८० हजार विनियोजन भएकोमा विनियोजितमध्ये रु.२९ करोड ५४ लाख ३२ हजार (३८.१५ प्रतिशत) खर्च भई बाँकी रकम खर्च भएको देखिएन । बजेटमा प्रस्ताव गरे अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्न नसकेको एवं वार्षिक बजेटको उल्लेखनीय हिस्सा अर्थ बजेटको रुपमा राखिएकोमा सोको परिचालन नभएको कारण प्रस्तावित बजेटमध्ये रु. ४७ करोड ८९ लाख ४८ हजार (६१.८५ प्रतिशत) खर्च भएको देखिएन ।

८.२ प्रदेश मन्त्रालय लगायतमा विनियोजित कुल रु. ७७ करोड ४३ लाख ८० हजार मध्ये रु.२९ करोड ५४ लाख ३२ हजार अर्थात ३८.१५ प्रतिशत मात्र बजेट खर्च भएको छ । मन्त्रालयगत खर्च अनुसार औषत सञ्चालन खर्च ४०.६३ प्रतिशत र कार्यक्रम खर्च ४८ प्रतिशत भएको छ ।

९. **कार्यक्रम कार्यान्वयन :** बजेटमा समावेश भएको नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकारको आर्थिक व्यवस्थापनको लागि २०७४।७५ को आय व्यय अनुमान (बजेट वक्तव्य) कार्यविभाजन नियमावली, २०७४ मा उल्लेख भएबमोजिम सेवाग्राही सन्तुष्टी सर्वेक्षण, आकष्मिक र युवा लक्षित कोषको स्थापना, विपद् व्यवस्थापन कार्यविधि, सिण्डीकेट र कार्टेलिङ्ग नियन्त्रण सम्बन्धी कानुन निर्माण, खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति प्रदेश भित्रको समष्टिगत गुरुयोजना तर्जुमा, प्रदेश स्तरिय विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीतिको तर्जुमा भएको देखिएन । बजेटमा समावेश नीति तथा कार्यक्रम कार्यान्वयन हुन नसेकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नु पर्दछ ।

१०. **सम्पत्ति व्यवस्थापन :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३(७) अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तरगत रहेका कृषि, वन, सिँचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तरगत रुपान्तरण तथा मर्ज भएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको

संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य नभएकोले कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

११. **सिधै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिदसम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा एकिन नगरी ५ मन्त्रालय र १ सचिवालयले रु.१ करोड ९४ लाख १५ हजारको फर्निचर तथा कम्प्यूटर लगायतका सामान सिधै खरिद गरेकोले नियमानुसार खरिद कार्य गर्नुपर्दछ ।

१२. **आन्तरिक नियन्त्रण** : आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यादेश मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरीक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने देखिन्छ ।

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले आफ्नो ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र लागु गरिसक्नु पर्ने व्यवस्था छ । सो ऐन, २०७५।१।५ गते जारी भएकोमा लेखापरीक्षण अवधिसम्म कुनै पनि मन्त्रालयमा आन्तरिक नियन्त्रण प्रणाली लागु नभएको र दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको अध्यक्षतामा आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्नेमा उक्त समिति समेत गठन भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी दफा ३१ बमोजिम गठित समिति मार्फत कार्यान्वयन गर्नुपर्दछ ।

१३. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नु पर्दछ । प्रदेश सरकार सञ्चालन गर्न विभिन्न मन्त्रालयको लागि १९ कानुन मात्र पारित भएको, प्रदेश अन्तर्गतको स्वीकृत दरवन्दी २६९९ मध्ये १७४८ जनाको समायोजन भएको, एवं २०७४।७५ को कुल वार्षिक बजेटको ३८.१५ प्रतिशत मात्र खर्च भएको छ ।

लेखापरीक्षणको क्रममा मन्त्रालयको लागि निर्धारण गरिएको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर देखिएको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयहरुले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण प्रदेश सरकारबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

१४. **वित्तीय जवाफदेहिता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । त्यस्तै मन्त्रालयहरुको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मूल्यांकन सूची अनुसार मन्त्रालयहरुको आन्तरीक नियन्त्रण प्रणाली प्रयाप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तिय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतिय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, एकद्धार सेवा प्रणाली कार्यान्वयनमा नआएको, सेवाको गुणस्तर सुधारको लागि उपयूक्त उपायको अवलम्बन नगरेको तथा सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौलको स्थिति कमजोर रहेको छ । चालु वर्ष प्रदेश मन्त्रालयहरुको लेखापरीक्षणबाट गरिएको मूल्यांकन अनुसार सबै निकायको वित्तीय जवाफदेहिता पालनाको स्तर बी रहेको छ । ऐन नियमले तोकिएका कार्यहरु समयमै सम्पादन हुनेगरी वित्तीय व्यवस्थानको जवाफदेहिता तथा उत्तरदायित्वको स्तरमा सुधार गर्नुपर्दछ।

# परिच्छेद - ३

# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेशले प्रदेश सभाको कार्य सञ्चालन गर्न बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, कामकारबाही र समिति सम्बन्धी अन्य विषय नियमित गर्न एवं प्रभावकारी बनाउन ६० सदस्यीय प्रदेश सभा गठन भएको छ ।

यो वर्ष विनियोजन रु.५ करोड ८३ लाख ६३ हजार, राजस्व रु.१ लाख ४१ हजार, धरौटी रु.६७ हजार समेत रु.५ करोड ८५ लाख ७१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **दरवन्दी र पदपूर्ति -** सचिवालयलाई तोकेको जिम्मेवारी पुरा गर्न आवश्यकतानुसार कर्मचारीको दरवन्दी स्वीकृत गरी पदपुर्ति हुनुपर्नेमा सचिवालयको स्वीकृत दरवन्दी ३६ रहेकोमा ३० पदपूर्ति भएकोले, दरवन्दीबमोजिम पदपूर्ति हुनुपर्दछ ।

२. **प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पीरश्रमिक र सुविधा** : प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ बमोजिम निम्नानुसारको सुविधा पाउने गरी ऐन पारित भएकोमा यो वर्ष सभामुख र उपसभामुखको पारिश्रमिक तथा इन्धनमा क्रमशः रु.५ लाख ८४ हजार र रु.१ लाख ९ हजार तथा प्रदेश सभा सदस्यको पारिश्रमिकमा रु.१ करोड ३२ लाख २६ हजार खर्च भएको छ ।

| सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता, उपसभामुख | सत्तापक्षको सचेतक र सभापति | विपक्षी दलको सचेतक | प्रदेश सभा सदस्य |
|---|---|---|---|---|---|---|
| पारिश्रमिक | प्रतिमहिना रु. | ५३००० | ५०००० | ४९००० | ४७००० | ४५००० |
| बैठक भत्ता | प्रति दिन रु. | ७५० | ७५० | ७५० | ७५० | ७५० |
| आवास सुविधा | प्रतिमहिना रु. | आवास सुविधा | आवास सुविधा | १५००० | १५००० | १५००० |
| फर्निचर खरीद | एकमुष्ट रु. | एकमुष्ट | ० | ५०००० | ५०००० | ५०००० |
| सवारी इन्धन | मासिक लिटर | १५० | १०० | ० | ० | ० |
| मोविल | त्रैमासिक लिटर | १० | ५ | ० | ० | ० |
| बिजुली धारा | प्रतिमहिना रु. | विल अनुसार | १५०० | १५०० | १५०० | १५०० |
| सञ्चार सुविधा | प्रतिमहिना रु. | २००० | १५०० | १५०० | १५०० | १५०० |
| दैनिक भत्ता | प्रतिदिन (स्वदेश) रु. | २५०० | २००० | २००० | २००० | २००० |
| दैनिक भत्ता | प्रतिदिन (विदेश) अमेरिकि डलर | १७५ | १७० | १५० | १५० | १५० |

३. **समिति गठन र कार्यक्षेत्र** : प्रदेश सभा सञ्चालन नियमावली, २०७४ को नियम १४६ अनुसार गठन भएका समिति र त्यसको कार्यक्षेत्र निम्नानुसार रहेको छ ।

| क्र.सं. | समितिको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | विधायन समिति | आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कानुन तथा न्याय सम्बन्धी विषय, विधेयक उपर दफावार छलफल र प्रत्यायोजित व्यवस्थापन सम्बन्धी । |
| २ | सार्वजनिक लेखा समिति | प्रदेश लोकसेवा आयोग बाहेक प्रादेशीक संवैधानिक आयोगका प्रतिवेदन र सार्वजनिक लेखा सम्बन्धी । |
| ३ | प्रदेश मामिला समिति | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको शान्ति सुरक्षा सम्बन्धी विषय, प्रदेश लोकसेवा आयोग, सामाजिक विकास मन्त्रालय तथा मानव अधिकार, सामाजिक सुरक्षा, श्रम र महिला, युवा, जेष्ठ नागरिक, बालबालिका र अल्पसँख्यकहरुको कल्याण सम्बन्धी । |
| ४ | अर्थ तथा विकास समिति | आर्थिक मामिला तथा योजना, भौतिक पूर्वाधार विकास, उद्योग पर्यटन, वन तथा वातावरण, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित विषय क्षेत्र । |

४. **बेरुजू छलफल :** गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ देखि ४० सम्म बेरुजू फछ्र्यौट सम्बन्धी व्यवस्था रहेको तर प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ अन्तरगत गठीत

सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा महालेखापरीक्षकको प्रतिवेदन उल्लेख नभएकोले आर्थिक कार्यविधि ऐन र प्रदेश सभा नियमावलीमा सामन्जस्यता हुने गरी कानुनको तर्जुमा गर्नुपर्दछ ।

५. **बढी भुक्तानी** : सचिवलायले एक निर्माण सेवालाई विल भुक्तानी गर्दा उक्त फर्मले पेश गरेको दरभाउपत्रमा उल्लेखित रकम भन्दा बढी भुक्तानी भएको रकम असुल गर्न आन्तरिक लेखापरीक्षणबाट औल्याएकोमा लेखापरीक्षण अवधिसम्म पनि नियमित तथा फछ्र्यौट नभएको रु.१७ हजार ४३७ असुल गरी दाखिला गर्नुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश सभा सचिवालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यादेश मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

७. **सिधै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिदसम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकिन गरेर मात्र खरिद गर्नुपर्नेमा यकिन नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजबाट रु.२६ लाख ४२ हजारको कार्य सिधै पटक पटक खरिद गरेको नियमसम्मत नदेखिएकोले नियमानुसार खरिद कार्य गर्नुपर्दछ ।

८. **पेस्की :** आर्थिक वर्षको अन्त्यसम्म एक निर्माण व्यवसायीको नाममा रहेको रु.४ लाख ५२ हजार फछ्र्यौट नभई बाँकी रहेकोले उक्त रकम फछ्र्यौट गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** सचिवालयको लेखापरीक्षणबाट रु.४ लाख ६९ हजार बेरुजु देखिएको छ । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृती तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले २०७४।१०।१८ गते यस कार्यालयको स्थापना भएको हो । नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश मन्त्रिपरिषदले स्वीकृत गरेको प्रदेश सरकार गण्डकी प्रदेश ( कार्य विभाजन) नियमावली २०७४ को अनुसूची २ को सि.नं. २ अन्तरगतको परिधिभित्र रही कार्य गर्दछ । गण्डकी प्रदेश अन्तरगत ११ जिल्ला, १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका रहेका छन् । नेपालको संविधान, २०७२ को धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह वीचको सम्बन्ध सहकारिता, सह अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था रहेको छ ।

यो वर्ष विनियोजन रु.२ करोड १५ लाख १४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लक्ष्य तथा प्रगति** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक कार्यविधि नियमावली नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयहरुले बजेट उपशिर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुजिगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समिक्षा गर्न नसकिएकोले तोकिएको ढाँचामा प्रगति विवरण तयार गरिनुपर्दछ ।

२. **प्रदेश सरकारको नीति कार्यान्वयन :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २ (४) अनुसार प्रदेश सरकारको नीतिको कार्यान्वयन अवस्थाको मूल्यांकन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकेको छ । आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यान्वयनको अवस्था सम्बन्धमा मूल्यांकन भएको नदेखिदा नीति कार्यान्वयनको सम्बन्धमा मूल्यांकन गरिनु पर्दछ ।

३. **सरकारी निकायको संगठन तथा व्यवस्थापन** : प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ को अनुसूची २(२०) अनुसार प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी विभिन्न मितिमा सम्बन्धित संघीय मन्त्रालयमा पठाएकोमा लेखापरीक्षण अवधिसम्म पनि स्वीकृत भै सकेको छैन । संगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. **सेवाग्राही सन्तुष्टी सर्भेक्षण :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २(२२) अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सन्तुष्टी सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने गरी कार्यविभाजन नियमावलीमा उल्लेख भएकोमा, लेखापरीक्षण अवधिसम्म कार्यविधि स्वीकृत नभएकोले स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **मुख्यमन्त्री तथा मन्त्रीको सुविधा :** मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०७४ बमोजिम निम्नानुसारको सुविधा पाउने गरी ऐन पारित भएकोमा चालु वर्ष मुख्य मन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा इन्धन खर्चमा क्रमशः रु.१६ लाख २९ हजार र रु. ३ लाख ६५ हजार खर्च भएको छ ।

| सुविधाको किसिम | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक रु. | ६०९७० | ५२००० | ४९००० | ४७००० |
| आवास सुविधा | मासिक | आवास उपलब्ध गराउने | आवास उपलब्ध गराउने | आवास उपलब्ध गराउने | आवास उपलब्ध गराउने |
| फर्निचर | एकमुष्ठ रु. | ० | १००००० | १००००० | १००००० |
| सवारी | वटा | १ | १ | १ | १ |
| सवारी इन्धन | मासिक लिटर | २५० | १५० | १२५ | १२५ |
| मोविल | त्रैमासिक लिटर | १० | ५ | ५ | ५ |
| सञ्चार सुविधा | प्रतिमहिना रु. | ५००० | ३००० | ३००० | ३००० |
| धारा बिजुली | प्रतिमहिना रु. | विल अनुसार | विल अनुसार | ३००० | ३००० |
| दैनिक भ्रमण भत्ता(स्वदेश) | प्रतिदिन रु. | ३००० | २५०० | २५०० | २५०० |
| दैनिक भ्रमण भत्ता(बिदेश) | प्रतिदिन (अ.ड.) | २५० | १७५ | १५० | १५० |
| अतिथि सत्कार | मासिक रु. | ४०००० | १५००० | १०००० | १०००० |

५.१. **कार्यालय स्थापना** : स्थानीय तह हस्तान्तरण भएका कृषि तथा स्वास्थ्य कार्यालय प्रदेशअन्तर्गत कृषि ज्ञान केन्द्र र स्वास्थ्य कार्यालयको रुपमा स्थापना भएको सन्दर्भमा कार्यालयहरु खप्टिने, दोहोरिने र टुक्रिने कार्य संख्यात्मकभन्दा कामको आवश्यकताअनुसार हुनुपर्दछ । संघ र प्रदेश दुवैले एउटै प्रकृतिको कार्य (जस्तै सडक निर्माण तथा पुर्वाधार सम्वन्धी कार्य) गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार विकास कार्यालय स्थापना गरेको, साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्यलगायतका कार्यालय स्थापना गरेको, केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुन: स्थापना गरेको आदि अवस्था देखिएकोले खर्चमा मितव्ययीता हुने देखिएन । साथै कार्यमा समेत दोहोरोपन हुने देखिँदा दोहोरोपन नहुनेगरी कार्यालयको स्थापना र सञ्चालन गर्नुपर्दछ ।

स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि एवं संघीय सरकारबाट खारेज भएका कार्यालय समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपन एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिन्छ । प्रदेश सरकार अन्तर्गतका कार्यालय स्थापना संख्यात्मकभन्दा कामको आवश्यकता अनुसार हुनुपर्दछ ।

६. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउेन उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस कार्यालयको लागि पहिचान गरिएका नयाँ कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, कार्यालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण कार्यालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । कार्यालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र अन्तर्गतका निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष प्रदेश लेखा नियन्त्रक कार्यालय समेत विनियोजन रु.७ करोड ३९ लाख १ हजार, राजस्व रु.७ हजार र धरौटी रु.१९ हजार समेत रु.७ करोड २९ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **बजेट कार्यान्वयन -** सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भए तापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा कुनै प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको पाइएन । यस आर्थिक वर्षमा प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान मात्र रहेको देखियो । जस अनुसार संघीय सरकारबाट प्राप्त हुने अनुदान रु.१ अर्ब २ करोड ५ लाख प्रदेश सरकारको कुल बजेट रहेको देखिन्छ । विनियोजनमध्ये रु.७७ करोड ७४ लाख ३८ हजार अर्थात् ७६.१८ प्रतिशत अर्थ बजेट व्यवस्था गरेकोमा सो खर्च भएको देखिएन । वर्षभरीमा रु.२९ करोड ५४ लाख ३२ हजार बजेट खर्च भई बर्षान्तमा रु.७२ करोड ५० लाख ६८ हजार बजेट बचत हुन गएको पाइयो । छोटो अवधिको लागि बजेट निर्माण गरेको र नयाँ स्थापना भएका मन्त्रालयलगायतका संरचनाहरुले बजेटमा प्रस्ताव गरेअनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्न नसकेको एवं वार्षिक बजेटको उल्लेखनीय हिस्सा अर्थ बजेटको रुपमा राखिएकोमा सोको परिचालन नभएको कारण प्रस्तावित बजेटको ३८.०० प्रतिशत खर्च भएको छ ।

१.१. यस आर्थिक वर्षको लागि रु.१ अर्ब २ करोड ५ लाख विनियोजन भएकोमध्ये चालु खर्चतर्फ रु.१४ करोड ४७ लाख ९५ हजार अर्थात् १४.१२ प्रतिशत र पुँजीगततर्फ रु.१५ करोड ६ लाख ३७ हजार अर्थात् १४.६७ प्रतिशत खर्च भएको छ । प्रदेश मन्त्रालय र निकायहरु यसै आर्थिक वर्षमा स्थापना भएका कारण ती निकायको स्थापना र सञ्चालनको लागि चालु खर्च बढी हुने भएतापनि यस्तो खर्चलाई न्युनतम राख्न सुरुदेखि नै सरकारी खर्चमा मितव्ययिताको नीति अवलम्बन गर्नुपर्दछ ।

१.२. प्रदेशको आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गर्दा आवधिक विकास योजना बनेको भए सोलाई मार्गदर्शनको रुपमा अङ्गीकार गर्नुपर्नेमा २०७४।७५ को बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले यस्तो व्यवस्था अपनाएको देखिएन ।

१.३. यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै कार्य अगाडि नबढेकोले सोको विवरण प्रस्तुत गरेको देखिएन । साथै प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्तिको कुनैपनि कार्य अगाडि नबढाएको कारण बजेटमा सो सम्बन्धी विवरण समेत समावेश भएको पाइएन । प्रदेशले अन्तरिक ऋण उठाउने विषय समेत बजेटमा समावेश नभएको स्थिति देखिएको छ ।

१.४. यस वर्ष प्रदेशलाई समानीकरण अनुदान मात्र प्राप्त भएकोले सो मात्र बजेटमा समावेश गरेको देखिन्छ । यो वर्ष प्रदेशलाई समपुरक र अनुदान प्राप्त भएको देखिएन ।

२. **लेखा नीति र टिप्पणी -** प्रदेश सरकारले स्वीकृत गरेको मापदण्डबमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगतस्थिति दर्शाउने उदेश्यले शीर्षकसमेत खुल्नेगरी वित्तीय विवरणको तयारी गर्ने कार्य प्रदेश सरकारको आर्थिक कार्यविधि ऐनमा उल्लेख छ । शीर्षकको आधारमा बनाएको बजेट अनुमान, निकासा, खर्च, आम्दानी, दाखिला र बाँकीसमेत खुलाएको प्राप्ति र भुक्तानी विवरण तथा सोसँग

सम्बन्धित लेखा टिप्पणी र खुलासालाई समेटी प्रदेशको प्राप्ति र भुक्तानी विवरण बनाई लेखापरीक्षणमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेशको केन्द्रीय आर्थिक विवरणमा लेखा नीति एवं टिप्पणी उल्लेख भएको देखिएन ।

३. **प्रतिबद्धता लेखा -** कानुनको अधिनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता तथा निर्णय भई हस्तान्तरण भई आएका वा प्रदेश सरकारबाट राजस्व छुट दिन प्रतिबद्धता जनाएको रकमको व्यहोरा देखिने गरी लेखा तथा सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ । यो वर्ष यस्तोस्थिति नदेखिएको भएतापनि यस व्यवस्थालाई ध्यानमा राखी भविष्यमा अवलम्वन गर्नुपर्दछ ।

४. **वित्तीय सुशासन -** प्रभावकारी वित्तीय व्यवस्थापनमार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, त्यसको लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो । सार्वजनिक वित्तीय व्यवस्थापनलाई जवाफदेही बनाउन सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिकस्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउन आवश्यक छ । बजेट अनुमान कार्यक्रममा आधारित तथा यथार्थपरक बनाउनु पर्ने अवस्था छ । समयमै प्रदेशस्तरको कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने प्रक्रियालाई अगाडि बढाउनु पर्ने त्यत्तिकै आवश्यक देखिन्छ । समयमा ठेक्का बन्दोवस्त, चालु खर्चको मात्रात्मक वृद्धिलाई कमी ल्याउन आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढीकरण गर्न, बेरुजूको मात्रा घटाई बेरुजू नै हुन नदिने जस्ता खर्च व्यवस्थापकीय पक्षमा प्रदेश सरकार समक्ष धेरै वित्तीय चुनौति रहेका छन् । यी चुनौति पूरा गर्न बजेट सूचना व्यवस्थापन प्रणाली, प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीको संस्थागत विकास, लागत लाभको विश्लेषणसहितको योजना तथा कार्यक्रम, बहुवर्षीय ठेक्का व्यवस्थापन प्रक्रिया, सार्वजनिक सेवा लेखामानको प्रयोग, शुत्रको प्रयोग, स्तरीय वित्तीय प्रतिवेदन प्रणालीमा आमूलरुपमा सुधार गरी प्रदेशको वित्तीय व्यवस्थापनमा जवाफदेहिताको स्थितिलाई सुधार गर्न यस मन्त्रालयले आवश्यक ध्यान दिनुपर्ने देखिन्छ ।

५. **सम्पत्तिको एकीकृत विवरण** : प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३(७) अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तरगत रहेका कृषि, वन, सिचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तरगत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य नभएकोले कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

६. **कर र गैर कर :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ (१) अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य सञ्चालन गर्ने उल्लेख भएकोमा आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा आन्तरिक श्रोत परिचालन गरी प्रदेश आर्थिक विधेयक प्रस्तुत गर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा २०७४।७५ मा कर तथा गैर कर सम्बन्धी ऐन तर्जुमा भएतापनि आर्थिक ऐन जारी भएको पाईएन । यद्यपी चालु वर्ष २०७५।७६ को बजेटमा आर्थिक ऐन समेत जारी भै कार्यान्वयनमा आएको छ ।

७. **आकस्मिक र युवा लक्षित चुनौती कोष :** प्रदेश आकस्मिक कोष स्थापना र युवा लक्षित चुनौती कोष स्थापनाको लागि रु. एक-एक करोड विनियोजन भएकोमा उक्त कोषको कार्यविधि ऐन तर्जुमा नभएको कारण कार्यान्वयनमा नआएकोले निर्दिष्ट लक्ष्यहरु कार्यान्वयनको लागि प्रदेश आकष्मिक कोष स्थापना र युवा लक्षित चुनौती कोष कानुनको निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **सिधै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा कामपिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा सो नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजबाट हुनसक्ने रु.४२ लाख ४१ हजारको कार्य सिधै पटकपटक गरी खरिद गरेको नियमसम्मत नदेखिएकाले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ ।

९. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

१०. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

**प्रदेश लेखा नियन्त्रक कार्यालय**

११. **प्रदेश आर्थिक प्रशासन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयको जिम्मेवारी प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने रहेको छ । प्रदेश तहका सबै कार्यालयमा लेखा अभिलेख व्यवस्थित गर्न प्रयाप्त लेखा समूहका कर्मचारीको व्यवस्था हुनु पर्दछ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निस्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरुप कर्मचारीको व्यवस्था गरेको नदेखिदा आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी भएको पाइएन ।

- **बेरुजू स्थिति –** मन्त्रालय र मातहत कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.३ करोड ९८ हजार, राजस्व रु.४ हजार र धरौटी रु.१ लाख ५० हजार समेत रु.३ करोड २ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कानुन तर्जूमा :** प्रदेश सरकार गण्डकी प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ को नियम २ अन्तरगत आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कानुन निर्माणको लागि पहिचान गरिएको ४१ वटा कानुनहरु मध्ये १९ वटा पारित भएको, विचाराधिन ३ वटा, सहमति प्रदान गरिएका ११ वटा समेत ३३ कानुन मध्ये १४ वटा निर्माणको चरणमा रहेको र नियमावली २ तथा गठन आदेश २ समेत ४ वटा कानुन प्रदेश सरकारबाट जारी भएको छ । पहिचान गरिएका कानुनहरु समयमै निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **सूचना र सञ्चार सम्बन्धी कानुन :** आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्य अनुसार विकासका लागि सूचना र सञ्चार अन्तर्गत पोखरामा सूचना प्रविधी पार्कको निर्माण र सञ्चालन, प्रदेश भित्र रहेका सूचना र सञ्चारका संस्थालाई दर्ता, अभिलेख, अनुमति, नविकरण र नियमन गर्न आवश्यक नीति तर्जुमा गर्ने, टेलिभिजन र रेडियो प्रसारण सेवाको स्थापनाका लागि कानुन निर्माण गर्ने, टेलिफोन, मोवाईल तथा इन्टरनेट सेवालाई प्रभावकारी र व्यवस्थित बनाउन सेवा प्रदायक निकायहरुसँग सहजीकरण गरी थप पूर्वाधार विस्तारका लागि पहल गर्ने गरी व्यवस्था मिलाउने उल्लेख भएको छ । तर उल्लेखित कार्यको लागि सूचना र सञ्चार सम्बन्धी कानुन तर्जुमाको कार्य अगाडी बढेको देखिएन । बजेट वक्तव्यमा उल्लेखित नीति कार्यान्वयन गर्ने गरी कानुनको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **विपद् व्यवस्थापन कार्यविधि :** चालु वर्ष प्रदेश विपद् व्यवस्थापन कोष स्थापनाको लागि रु. १ करोड बजेट व्यवस्था भएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको खातामा २०७५।३।२० मा उक्त रकम दाखिला भएकोमा ११ जिल्लाका सबै जिल्ला प्रशासन कार्यालयमा रु. १ लाखको दरले रु. ११ लाख अनुदान खर्च लेखेको छ । प्रदेश विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने गरी रु.३ लाख बजेट समेत व्यवस्था भएकोमा सोको कार्यविधि बनाएको छैन । अतः कार्यविधि तयार गरी खर्च गर्नुपर्दछ ।

४. **शिर्षक फरक :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)क अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्चको लागि निकासा दिन सकिनेमा १२ वटा उपशीर्षकको रु.२४ लाख ४७ हजार असम्बन्धित खर्च शिर्षकबाट खर्च लेखेको नियमसंगत नदेखिएकोले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ ।

५. **सिधै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा कामपिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा सो नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजबाट हुनसक्ने रु.२२ लाख २६ हजारको कार्य सिधै पटक पटक खरिद गरेको नियमसम्मत नदेखिएकोले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ ।

६. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि

निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमन कार्य हुन बाँकी रहेको लगायतको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन आन्तरिक मामिला तथा कानुन मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यादेश मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट रु.४८ हजार बेरुजु देखिएको छ । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण जस्ता कार्य गर्ने गरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड २५ लाख ४३ हजार, राजस्व रु.१४ हजार र धरौटी रु.३ लाख ६ हजार समेत रु.२ करोड २८ लाख ६३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **वन, जल र वातावरण** - प्रदेशको दीगो विकासमा वन क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काष्ठ वनपैदावारहरुको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाईमा समेत वनक्षेत्रको भूमिका उल्लेखनीय रहेको छ । वन अतिक्रमण तथा डढेलो नियन्त्रण, वन सम्बन्धी द्वन्द्व व्यवस्थापन, वन फडाँनी, विपद् जोखिम न्यूनीकरण, वनमा आश्रित समुदायका लागि दीगो अनुकूलन कार्यक्रम सञ्चालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्नु प्रदेश सरकार समक्ष धेरै चुनौति रहेका छन् । प्रदेश सरकारले वन स्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२. **सिण्डीकेट तथा कार्टेलिङ्ग :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार व्यापार, वाणीज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डीकेट तथा कार्टेलिङ्ग नियन्त्रण सम्बन्धी कानुनको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । तर उक्त कानुन निर्माण नभएकोले प्रदेश स्तरीय कानुनको निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **जैविक विविधताको अध्ययन, अनुसन्धान :** कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेश स्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँडको नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । विगत वर्षहरुमा संघीय सरकारले जैविक विविधताको सन्दर्भमा गरेका अनुसन्धानात्मक कार्यहरुको स्वामित्व लिई व्यवस्थापन, नियमन र लाभांश बाँडफाँडको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. **संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकिय पद्धति :** वन्यजन्तु तथा संरक्षण क्षेत्रको कार्य संघीय सरकारको मातहत रहेको सन्दर्भमा कार्य विभाजन नियमावली, २०७४ को नियम ५४ मा उल्लेखित संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकिय पद्धति निर्धारणको लागि प्रदेश स्तरमा थप संरक्षण क्षेत्रको पहिचान गर्नुपर्दछ ।

५. **अतिथिदेवो भवः अभियान सञ्चालन :** आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यको बुँदा नं. १४ मा गुणस्तरीय पर्यटकको आगमनमा वृद्धि गरी उनीहरुको बसाई लम्बाउन गुणस्तरीय पर्यटन विकास र सेवालाई प्रर्वद्धन गर्दै पर्यटकहरुलाई अतिथिको रुपमा सम्मान गर्न **अतिथिदेवो भवः अभियान** सञ्चालन गर्ने उल्लेख भएकोमा उक्त कार्यक्रम सञ्चालनमा आएको पाइएन । बजेट वक्तव्यमा उल्लेखित कार्यक्रम कार्यान्वयनमा ल्याई पर्यटनको प्रवर्द्धन गर्नुपर्दछ ।

६. **मोनोरेल** : नीति तथा कार्यक्रममा स्थानीय तह र निजी क्षेत्रसंगको सहकार्यमा आकर्षक पर्यटकीय गन्तव्यका रुपमा रहेका फेवाताल, बेगनासताल, रुपाताल कनेक्टिभिटीका लगि मोनोरेल सञ्चालनको सम्भाव्यता अध्ययन गर्न रु.२० लाख बजेट विनियोजन गरेकोमा उक्त कार्यक्रम सञ्चालनमा आएको पाईएन । आकर्षक पर्यटकीय गन्तव्यको विकासको लागि यस प्रकारको कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ ।

७. **खर्च शिर्षक** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)क अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्चको लागि निकासा दिन सक्नेमा ४ वटा शिर्षकबाट असम्बन्धित खर्च शिर्षकमा रु.१५ लाख ६९ हजार खर्च लेखेको नियमसंगत नदेखिएकोले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ ।

८. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवाप्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

९. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन उद्योग, पर्यटन, वन तथा वातवरण मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेशभित्रको भूमि प्रशासन र जग्गा नापजाँच कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देयले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ६५ लाख ४६ हजार, राजस्व रु.४२ हजार र धरौटी रु.७९ हजार समेत रु.२ करोड ६६ लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्यसम्पादन स्थिति :** प्रदेश सरकार गण्डकी प्रदेश (कार्यविभाजन) नियमावली २०७४) बमोजिम भूमि व्यवस्था कृषि सहकारी मन्त्रालयले गर्नु पर्ने कार्यहरु मध्ये कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण, खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नविकरण, खारेजी र नियमन, चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू उपयोग, वर्गिकरण तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन, जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिला खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन जस्ता प्रमुख कार्यक्रमहरुको नीति, कानुन तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयात्मक कार्यहरु गरेको नदेखिदा तोकिए बमोजिम कार्य सम्पादन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन :** आर्थिक वर्ष २०७४।७५ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित कृषि तथा खाद्य सुरक्षा सम्बन्धी नीति, पशु विकास सम्बन्धी नीति, भू उपयोग नीति, सहकारी तथा गरिवी निवारण सम्बन्धी नीति तर्जुमा गर्ने गरी बजेट सहित कार्यक्रम तथा नीति स्वीकृत गरेकोमा उल्लेखित नीतिको लागि गोष्ठीसम्म सञ्चालन भएको तर नीतिहरु बनाइसकेको देखिएन । तोकिए बमोजिम नीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **शीत भण्डार** : आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा कृषि उत्पादकत्व वृद्धिका लागि व्यवसायिकरण अन्तरगत उच्च हिमाली क्षेत्रमा प्राकृतिक शीत भण्डार निर्माणका लागि सम्भाव्यता अध्ययन गर्दै प्रत्येक स्थानीय तहमा शीत भण्डार स्थापनाका लागि कार्यविधि तयार गर्ने, अर्गानिक कृषिउपजको प्रमाणीकरण तथा खाद्य बस्तुको गुणस्तर परीक्षण गर्ने आधुनिक प्रयोगशाला निर्माणका लागि अध्ययन गर्ने उल्लेख गरेकोमा ती कार्यक्रमहरु कार्यान्वयनमा आएको देखिएन । उल्लेखित नीतिहरु कार्यान्वयन गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४. **सिधै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा कामपिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा सो नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजबाट हुनसक्ने रु४१ लाख ८३ हजारको कार्यसिधै पटक-पटक खरिद गरेको नियमसम्मत नदेखिएकाले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ।

५. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट रु. २३ हजार बेरुजु देखिएको छ । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको सडक ऊर्जा विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप र (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड १७ लाख १ हजार, राजस्व रु.५ हजार र धरौटी रु.१ लाख ७ हजार समेत रु.२ करोड १८ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लक्ष्य तथा प्रगति** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक कार्यविधि नियमावली नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले बजेट उपशिर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुजिगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समिक्षा गर्न नसकिएकोले नियमानुसार प्रगति विवरण तयार गर्नुपर्दछ ।

२. **कार्यसम्पादन :** प्रदेश सरकार गण्डकी प्रदेश (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्नु पर्ने कार्यहरुमध्ये प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन, प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमती, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन, प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्गनिर्देशन र प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छतासम्बन्धी प्रदेशको नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमनजस्ता प्रमुख कार्यक्रमहरुको नीति, कानुन तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयात्मक कार्यहरु गरेको नदेखिदा तोकिए बमोजिम कार्य सम्पादन गर्नुपर्दछ ।

३. **स्मार्ट सिटी :** प्रदेशभित्रका सबै नगरपालिकालाई व्यवस्थित र आधुनिक शहरका रुपमा विकास गर्न पोखरा आसपासका मध्यनेपाल, शुक्लागण्डकी, भिमाद, पुतलीबजार, कुस्मा र फलेवास नगरपालिकालाई स्मार्टलाइट सिटीका रुपमा विकास गर्न विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि रु.२० लाखको कार्यक्रम स्वीकृत भएकोमा उल्लेखित ५ स्थानका लागि परामर्शदातासंग सम्झौता गरी रु.१९ लाख ८९ हजार भुक्तानी दिएको छ । परामर्शदाताले दिएको प्रतिवेदन कार्यान्वयन भएको नदेखिँदा प्रतिवेदनको आधारमा कार्यान्वयन गरिनुपर्दछ ।

४. **सिधै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा कामपिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा सो नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजबाट हुनसक्ने रु.२३ लाख ६४ हजारको कार्य सिधै पटक पटक खरिद गरेको नियमसम्मत नदेखिएकोले नियम अनुसार खरिद कार्य गर्नुपर्दछ ।

५. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी

रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

६. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन भौतिक पुर्वाधार विकास मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्थासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.३ करोड ७६ लाख ५८ हजार र राजस्व रु.४ हजार समेत रु.३ करोड ७६ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्यसम्पादन स्थिति :** प्रदेश सरकार गण्डकी प्रदेश (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम सामाजिक विकास मन्त्रालयले गर्नुपर्ने कार्यहरु मध्ये प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियम, प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, समाजकल्याण र संघसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन जस्ता प्रमुख कार्यक्रमहरुको नीति, कानुन तथा मापदण्ड तर्जुमा, व्यवस्थापन, कार्यान्वयन, नियमन तथा समन्वयात्मक कार्यहरु गरेको नदेखिँदा तोकिए बमोजिम कार्य सम्पादन गर्नुपर्दछ ।

२. **मोडालिटि तयार :** क्यान्सर, मुटुरोग र मृगौला रोगको उपचारको लागि अत्याधुनिक सुविधासम्पन्न विशिष्टीकृत अस्पताल स्थापनाको लागि संभाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) तयारी गर्ने र १००० शैंयाको आधुनिक अस्पताल निर्माणको लागि स्थानको पहिचान र अध्ययन कार्यक्रम राखेकोमा कार्यदलबाट प्रतिवेदन दिएतापनि डिपिआर तयारीको कार्य भएको देखिएन । त्यसै गरी प्रत्येक गाउँपालिकामा २५ सैंया, नगरपालिकामा ५० शैयाका अस्पतालको स्थापना र विकासका लागि स्थानीय तहसंग सहकार्य गरी उपयुक्त मोडालिटी तयार गर्ने कार्यको लागि रु.१७ लाख खर्च भएतापनि कार्य नभएकोले मोडालिटि तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **खेलकूद :** गण्डकी प्रदेशको नीति तथा कार्यक्रम २०७४।७५ मा उल्लेख भै कार्यक्रममा समावेश भएको एकीकृत खेलकूद एकेडेमी स्थापनाको लागि कार्यविधि तयारी, स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह एक खेलमैदान निर्माणका लागि कार्यविधि तर्जुमा, अन्तराष्ट्रिय स्तरको क्रिकेट रंगशाला र गल्फकोर्स निर्माणका लागि स्थान पहिचानसहित कार्य योजनाको तयारी, सुविधा सम्पन्न अन्तरीाष्ट्रय स्तरको वहुउपयोगी खेलमैदान केन्द्र निर्माणका लागि अध्ययन गर्ने प्रयोजनको लागि २०७५।२।२१ मा कार्यदल गठन भएको तथा कार्यदलबाट पंचासे, कोरला तथा अर्मला लगायतका स्थानको समेत भ्रमण गरेको विल भरपाईको आधारमा रु.१० लाख ४६ हजार खर्च लेखेको छ । एक स्थानीय तह एक खेलकूद मैदान निर्माणको कार्यविधि, २०७५ पेश गरेकोमा सुधार गर्नुपर्ने कार्यहरु उल्लेख नगरेको, अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला र गल्फकोर्स निर्माणका लागि स्थान पहिचान र कार्य योजना तयारीको लागि ३० वटा स्थान पहिचान गरेतापनि कार्यदलमा प्राविधिक जनशक्तिविना लागत अनुमानको सही विश्लेषण बेगरनै पहिलो वर्ष सिमाङ्कन गर्ने, दोश्रो वर्ष डिपिआर तयार गर्ने तथा तेश्रो वर्ष पूर्वाधार निर्माण लगायतको कार्य योजना पेश गरेकोमा सोको कार्यान्वयन सम्बन्धमा स्पष्ट उल्लेख नगरेकोले कार्यान्वयनको सुनिश्चितता हुनेगरी कार्ययोजना बनाई कार्य गर्नुपर्दछ ।

४. **सिधै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा सो नगरी उल्लेखित व्यवस्था बमोजिम एउटै प्याकेजबाट हुनसक्ने रु.३७ लाख ५६ हजारको कार्य सिधै पटक पटक खरिद गरेकोले नियमसम्मत नदेखिएको नियम अनुसार खरिद कार्य गर्नुपर्दछ ।

५. **खोप कोष :** चालु वर्षको नीति तथा कार्यक्रममा प्रदेशमा प्रदेशलाई पूर्ण खोपमुक्त बनाउन प्रदेश खोप कोषको स्थापना गर्न रु.१ करोड बजेट विनियोजन भएकोमा कार्यविधि तयार गरी विविध ख ६ खातामा जम्मा गरेको छ । निर्देशिका बमोजिम खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मुलन गरी शिशु बाल मृत्यु तथा अन्य व्यक्तिको मृत्युदर घटाउन तथा खोप सेवाको विकास विस्तार र सुदृढीकरण गरी गुणस्तरीय खोप सेवा प्रदान गर्नुपर्दछ ।

६. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस मन्त्रालयको लागि पहिचान गरिएका नयाँ बनाउने कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, मन्त्रालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, मन्त्रालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण मन्त्रालयबाट अपेक्षित रुपमा सेवा प्रवाह हुनसकेको पाइएन । मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन सामाजिक विकास मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृतिअनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.३१ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तरगत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तरगत आर्थिक कार्यविधि नियमावली नबनिसकेको अवस्थामा आर्थिक कार्यविधि नियमावली, २०६४ आकर्षित हुने भएबाट आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(८) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित आगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले बजेट उपशिर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समिक्षा गर्न नसकिएकोले नियमानुसार प्रगति विवरण तयार गरिनुपर्दछ ।

२. **मुद्दाको स्थिति** : २०७४।७५ मा प्रदेश सभा सचिवालय, सभामुख र उपसभामुख विरुद्ध परेको १ मुद्दा मुख्य महान्यायधिवक्ताले तयार गरेको लिखित जवाफ महान्यायधिवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालतमा पेश भएको छ ।

३. **परमादेशको कार्यान्वयन :** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४(ग) मा प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तोकेको छ । सर्वोच्च अदालतको २०७५।१।१६ गतेको उत्प्रेषण युक्त परमादेश अन्तरगत भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ३(१) अनुसार फेवाताललाई संरक्षित जलाधार घोषित गर्न गराउन आवश्यक निर्णय गर्ने र विभिन्न समयमा भएका अध्ययन प्रतिवेदनमा दिइएका सुझावहरुको कार्यान्वयन गरी ताल संरक्षणको अन्य कार्य गर्न परमादेश भएकोमा उक्त परमादेश कार्यान्वयनको लागि सरोकारवाला निकायसंग पत्राचार तथा फैसलाको कार्यान्वयनकोलागि अनुगमन गरेको पाइएन । नियमानुसार परमादेशको कार्यान्वयन गरिनु पर्दछ ।

४. **सेवा प्रवाह -** राज्यबाट जनताले पाउने सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरेको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न यस को लागि पहिचान गरिएका नयाँ कानुन निर्माण कार्य बाँकी रहेको, दरवन्दी बमोजिम पदपूर्ति नभएको, कार्यालयको लागि निर्धारण गरेको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, कार्यालयले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण कार्यालयबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । कार्यालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेशमन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आफ्नो कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** कार्यालयको लेखापरीक्षणबाट फछ्र्यौट गर्नुपर्ने लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# परिच्छेद ४

# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्थाअनुसार बेरुजूको कारवाहीको विवरण प्राप्त भएको छ।

| सि.नं. | निकायको विवरण | प्रारम्भिक प्रतिवेदन दिएको मिति | प्रतिक्रिया प्राप्त | फछ्र्यौट | अन्तिम प्रतिवेदन जारी मिति |
|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | २०७५/९/८ | ० | ० | २०७५/१२/७ |
| २ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | २०७५/९/८ | २०७५/१०/१३ | ० | २०७५/१२/७ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०७५/९/८ | २०७५/१०/१७ | ० | २०७५/१२/७ |
| ४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २०७५/९/८ | ० | ० | २०७५/१२/७ |
| ५ | उद्योग, पर्यटन वन तथा वातावरण | २०७५/९/८ | २०७५/११/२ | ० | २०७५/१२/७ |
| ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २०७५/९/८ | २०७५/१०/२३ | ० | २०७५/१२/७ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २०७५/९/८ | २०७५/१०/१७ | ० | २०७५/१२/७ |
| ८ | सामाजिक विकास मन्त्रालय | २०७५/९/८ | २०७५/१०/२४ | ० | २०७५/१२/७ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २०७५/९/८ | ० | ० | २०७५/१२/७ |
| १० | प्रदेश लेखा नियन्त्रक कार्यालय | २०७५/९/८ | ० | ० | २०७५/१२/७ |

# परिच्छेद ५
# सुधारका क्षेत्रहरु

१. **बजेट कार्यान्वयन -** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालुखर्च नियन्त्रण गर्न मितव्ययितासम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२. **आयोजना व्यवस्थापन -** संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कनलगायत विभिन्न चरणमा ध्यान दिर्दै आयोजना सञ्चालन गर्नु पर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलब्धि मूलक क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउनु पर्दछ ।

३. **सार्वजनिक खरिद -** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्नेमा उक्त व्यवस्था पालना गरेको देखिँदैन । खरिद योजनाको कडाइका साथ पालना गर्नुपर्दछ । परामर्श सेवा र डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।

४. **राजस्व संकलन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क लगायतका क्षेत्र परिचालन गरी राजस्व संकलन गर्नुपर्दछ ।

५. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै विद्युतीय प्रणालीबाट भुक्तानी गरी सेवा प्राप्त गर्ने प्रक्रिया अवलम्बन गरिनुपर्दछ । यसैगरि प्रदेश तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

६. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) प्रदेश तहमा समेत कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेश तहको सञ्चित कोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

८. **प्रदेश कानुन -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने र संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नुपर्दछ ।

९. **प्रदेश तहको वित्तीय व्यवस्थापन -** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीका

अवलम्बन गर्नुपर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ । महालेखापरीक्षकको स्वीकृत ढाँचामा प्रदेश तहको संचित कोष हिसाब तयार गर्ने, प्रदेश तहको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा मार्फत विषयगत सार्वजनिक लेखा समितिमा प्रस्तुत गरी छलफल गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

अनुसूची – १

## लेखापरीक्षण गरिएका प्रदेश कार्यालयहरुको विवरण

### (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| क.सं. | मन्त्रालय/निकायको नाम | कार्यालय संख्या | बेरुजू भएका कार्यालय संख्या | बेरुजू रकम |
|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | १ | १ | ४६९ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | १ | १ | सैद्धान्तिक |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २ | २ | सैद्धान्तिक |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ | १ | ४८ |
| ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ६. | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १ | १ | २३ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १ | सैद्धान्तिक |
| | **जम्मा** | **१०** | **१०** | **५४०** |

**अनुसूची – २**

# लेखापरीक्षण रकम

**(रु हजारमा)**

| क. सं | मन्त्रालय/निकायको नाम | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोबार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | |
| १. | प्रदेश सभा सचिवालय | १ | ५८३६३ | | ५८३६३ | १ | १४० | १ | १४० | १ | ६७ | १ | ६७ | ० | ० | ० | ० | ५८५७० |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | २१५१४ | | २१५१४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २१५१४ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २ | ७३९०१ | | ७३९०१ | १ | ७ | १ | ७ | १ | १९ | १ | १९ | ० | ० | ० | ० | ७३९२७ |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १ | ३००९८ | | ३००९८ | १ | ४ | १ | ४ | १ | १५० | १ | १५० | ० | ० | ० | ० | ३०२५२ |
| ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १ | २२५४३ | | २२५४३ | १ | १४ | १ | १४ | १ | ३०६ | १ | ३०६ | ० | ० | ० | ० | २२८६३ |
| ६. | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १ | २६५४६ | | २६५४६ | १ | ४२ | १ | ४२ | १ | ७९ | १ | ७९ | ० | ० | ० | ० | २६६६७ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | २१७०१ | | २१७०१ | १ | ५ | १ | ५ | १ | १०८ | १ | १०८ | ० | ० | ० | ० | २१८१४ |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | ३७६५८ | | ३७६५८ | १ | ४ | १ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३७६६२ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | ३१०८ | | ३१०८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३१०८ |
| | **जम्मा** | | **२९५४३२** | | **२९५४३२** | **७** | **२१६** | **७** | **२१६** | **७** | **७२९** | **७** | **७२९** | **०** | **०** | **०** | **०** | **२९६३७७** |

अनुसूची ३

# बेरुजू बर्गीकरण
## (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| सि. नं. | जिल्ला | मन्त्रालय/निकायको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बांकी बेरुजू | | | वांकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | काँस्की | प्रदेश सभा सचिवालय | १२ | २ | ४६९ | ० | ० | ० | १२ | २ | ४६९ | १७ | ० | ० | ० | ० | ० | ० | ४५२ | ४५२ |
| २. | काँस्की | मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | १२ | ० | ० | ० | ० | ० | १२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३. | काँस्की | आर्थिक मामिला तथा योजना मन्त्रालय | २१ | ० | ० | ० | ० | ० | २१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४. | काँस्की | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १३ | २ | ४८ | ० | ० | ० | १३ | २ | ४८ | ४३ | ० | ५ | ० | ० | ५ | ० | ० | ० |
| ५. | काँस्की | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १४ | ० | ० | ० | ० | ० | १४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६. | काँस्की | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १२ | १ | २३ | ० | ० | ० | १२ | १ | २३ | २३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७. | काँस्की | भौतिक पूर्वाधार तथा विकास | १२ | ० | ० | ० | ० | ० | १२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८. | काँस्की | सामाजिक विकास मन्त्रालय | १४ | ० | ० | ० | ० | ० | १४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९. | काँस्की | मुख्य न्यायाधिवक्ताको कार्यालय | ९ | ० | ० | ० | ० | ० | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | **जम्मा** | **११९** | **५** | **५४०** | **०** | **०** | **०** | **११९** | **५** | **५४०** | **८३** | **०** | **५** | **०** | **०** | **५** | **०** | **४५२** | **४५२** |

## अनुसुची - ४

### आर्थिक वर्ष २०७४/७५ मा वजेटको अख्तियार प्राप्त लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजू स्थिति

(रु हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखाउत्तरदायी अधिकृतहरुको नामवली | अवधि | | आ.व. २०७४/७५ को कुल बेरुजू | लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १. | प्रदेश सभा सचिवालय | सचिव श्री शम्भु वहादुर खडका<br>ले.अ.श्री दुर्योधन गिरी | २०७४/१०/२८<br>२०७४/१०/२८ | २०७५/३/३२<br>२०७५/३/३२ | ४६९ | ०.८० |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रमुख सचिव श्री लक्ष्मण अर्याल<br>श्री लक्ष्मीराम पौडेल (हाल)<br>ले.अ.श्री नवराज श्रेष्ठ | २०७४/१०/२८<br>२०७४/१०/२८ | २०७५/३/३२<br>२०७५/३/३२ | ० | ० |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | सचिव श्री मुक्ति प्रसाद पाण्डे<br>ले.अ.श्री अशोक खनाल | २०७४/१०/२८<br>२०७४/१०/२८ | २०७५/३/३२<br>२०७५/३/३२ | ० | ० |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | सचिव श्री फणिन्द्र पोखरेल<br>ले.अ.श्री बसन्त कोइराला | २०७४/१०/२८<br>२०७४/१०/२८ | २०७५/३/३२<br>२०७५/३/३२ | ४८ | ०.१६ |
| ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | सचिव श्री बुद्धिसागर पौडेल<br>ले.अ.श्री विष्णुहरि तिमिल्सिना | २०७४/१०/२२<br>२०७४/१०/२२ | २०७५/३/३२<br>२०७५/३/३२ | ० | ० |
| ६. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सचिव श्री शरद चन्द्र श्रेष्ठ<br>ले.अ.श्री अशोक मल्ल<br>ले.अ. श्री राजेन्द्र राज न्यौपाने | २०७४/१०/२८<br>२०७४/१०/२८<br>२०७४/२/१६ | २०७५/३/३२<br>२०७५/२/१५<br>२०७५/३/३२ | २३ | ०.०८६ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | सचिव श्री भरतप्रसाद अर्याल<br>ले.अ.श्री लालप्रसाद आचार्य | २०७४/१०/२९<br>२०७४/१०/२९ | २०७५/३/३२<br>२०७५/३/३२ | ० | ० |
| ८. | सामाजिक विकास मन्त्रालय | सचिव श्री कृष्णमुरारी न्यौपाने<br>ले.अ.श्री सरिता गौतम | २०७४/१०/२८<br>२०७४/१०/२८ | २०७५/३/३२<br>२०७५/३/३२ | ० | ० |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | उप सचिव श्री दयाशंकर अधिकारी<br>ले.पा श्री चेतनारायण न्यौपाने | २०७४/१०/२८<br>२०७४/१०/२८ | २०७५/३/३२<br>२०७५/३/३२ | ० | ० |
| | | | | **जम्मा** | **५४०** | **०.१८** |

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

## प्रदेश लेखा नियन्त्रक कार्यालय

गण्डकी प्रदेश पोखरा

आर्थिक वर्ष २०७४/०७५ को संचित कोष को आर्थिक विवरण

| क्र.सं. | संचित कोष खाता रहेको बैंकको नाम | संचितकोष खाता नं | गत वर्षको अ ल्या | यस वर्ष संचितकोष आम्दानी | स्रोत | यस वर्ष प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निकासा | यस वर्ष संचितकोष खाता बाट सोधभर्ना निकासा | यस वर्ष प्रदेश कोष नियन्त्रक कार्यालयबाट निकासा तर कार्यालयबाट चेक साटन बाँकी | यस वर्ष बाँकी संचित कोष रकम बैंक अनुसार | यस वर्ष बाँकी संचित कोष रकम श्रेस्ता अनुसार | फरक रकम | फरक पर्नाको कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | नेपाल राष्ट्र बैंक | १८००२०१/००२/०००/५२४ | | १०२०५००००० | समानिकरण अनुदान,नेपाल सरकार | २९५४३२४८५।९० | २९५३५४३३०।९० | ७८१५५ | ७२५१४५६६९।१० | ७२५०६७५१४।१० | ७८१५५।०० | प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निकासा चेक जारी भएको तर सम्बन्धित मन्त्रालय/कार्यालयले चेक नसाटेको |

लेखा अधिकृत

प्रदेश लेखा नियन्त्रक

# लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु



गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवर र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहितका पदाधिकारीहरु



गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ्ग र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहितका पदाधिकारीहरु




*माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल र प्रदेश सभाका माननीय सभामुख श्री नेत्रप्रसाद अधिकारीसहितका पदाधिकारीहरु*



*गण्डकी प्रदेशको पोखरामा आयोजित लेखापरीक्षण अन्तरक्रिया कार्यक्रममा सहभागी पदाधिकारीहरु*